अनुसुची-५

(दिग्दर्शनको दफा ५.५.३ सँग सम्बन्धित)

# सान्नी त्रिवेणी गाउँपालिका आ.ब २०७९/०८० को प्रथम गाउँ सभा तथा दशौ अधिवेशनमा प्रस्तुत  निती तथा कार्यक्रम

सान्नी त्रिवेणी गाउँपालिका

मेहलमुडी, कालीकोट

कर्णाली प्रदेश

नेपाल

अनुसुची-५
(दिग्दर्शनको दफा ५.५.३ सँग सम्बन्धित)

# सान्नी त्रिवेणी गाउँपालिका आ.ब २०७९/०८० को प्रथम गाउँ सभा तथा दशौ अधिवेशनमा प्रस्तुत निती तथा कार्यक्रम

सान्नी त्रिवेणी गाउँपालिका
मेहलमुडी, कालीकोट
कर्णाली प्रदेश
नेपाल

## सान्नी त्रिवेणी गाउँपालिकाको दशौ गाउँ सभामा गाउँपालिका अध्यक्ष श्री मोहन बहादुर के.सी. ज्यूबाट प्रस्तुत गरिएको आर्थिक बर्ष २०७९/०८० को प्रस्ताबित नीति तथा कार्यक्रम

सान्नी त्रिवेणी गाउँपालिकाका उपाध्यक्ष, प्रमुख अथिती.बिशेष अथिती. प्रमुख प्रशासकीय अधिकृत. गाउँसभाका सदस्यहरु सान्नी त्रिवेणी गाउँपालिकाको गाउँ सभाको दशौ अधिबेशनमा हार्दिक स्वागत गर्दछु ।

सान्नी त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ। सम्बत् २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामीलाई मतदान मार्फत निर्वाचित गर्नुहुने आदरणीय सान्नी त्रिवेणी **गाउँपालिकामा क्रियासिल राजनैतिक पार्टीका.प्रमुख.एंव.प्रतिनिधि.ज्युहरु.प्रमुखअथिती.बिषेशअथिती.जेष्ठनागरिक.नागरिकसमाज.बुद्धिजिबि.महिलाअधिकार कर्मि.युवाकल्व.बालकल्ब. घाईते.अपाङ्ग.सहिद परिवार.कर्मचारी बिभिन्न बिद्यालयका अध्यक्ष तथा प्रधानाध्यापक ज्यु.सुरक्षाकर्मि, संचार कर्मि मित्रहरु, बिभिन्न** विकास साझेदारहरू, निजी क्षेत्र, मतदाता र सम्पूर्ण आदरणीय गाउँपालिकाबासी आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु। यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सहिदहरु प्रति भाबपूर्ण श्रद्धान्जली अर्पण गर्दछु।

संघीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनत: निर्देशित काम, कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं। सान्नी त्रिवेणी गाउँपालिकाको इतिहास, संस्कृति, सम्पदा र सभ्यताको संरक्षण, सम्बर्धन र प्रबर्धन गर्नु हाम्रो पहिलो कर्तब्य हुन आएको छ। संस्कृतिमा आधारित पर्यटन सान्नी त्रिवेणी गाउँपालिकाको त्रिवेणी पाटन.बडीमालिका सम्भावनाको पहिलो क्षेत्र हो। नागरिक सुरक्षा आवास कार्यक्रमलाई सुब्यबस्था सान्नी त्रिवेणीको लागि अर्को सुधार गर्नुपर्ने क्षेत्र देखिएको छ। सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ। स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण विकास गरी सान्नी त्रिवेणीलाई बस्न योग्य पालिका बनाउने हाम्रो ध्येय रहेको छ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ। जनतासंग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ। शिक्षा, स्वास्थ्य, कृषि.रोजगारी, उद्यमशिलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्बाधार विकास, , खानेपानी तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण, मानब अधिकार प्रबर्धन जस्ता बिषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।

आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गर्न आम गाउँबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभाबहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु।

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको संघियता कार्यान्वयनको अवस्थामा स्थानिय तहमा रहेका बिभिन्न चुनौतीहरुलाई चिर्दै राज्यको पुन संरचनाको क्रम मा कर्णाली प्रदेश कालिकोट जिल्ला को सान्नी त्रिवेणी गाउपालिकालाइ ब्यवस्थीत र समृद्ध पालिकाका रुपमा बिकास गर्न सोहि अनुरुप आव्यश्यक संरचनाहरु निर्माण गर्न हाम्रा बिचमा थुपै चुनौती हरु खडा देखिन्छन । सवै क्षेत्र वाट यसलाइ बिकास गर्नका लागी सवै सरोकारवालाहरुको यस प्रति ध्यान आकर्षण गराउदै "एक घर एक उत्पादन, एक गाउँ एक



सान्नी त्रिवेणी गाउँपालिका कार्यपालीकाको कार्यालय मेहलमुडी, कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

मोहन बहादुर के.सी. गा.पा. अध्यक्ष

उद्योग हाम्रो चाहना.....सुखी जनता र समृद्ध गाउँपालिका हाम्रो कामना" भन्ने आर्दश बाक्यालाई आत्मसाथ गर्दै नेपालको संविधान कार्यन्वयन को महत्वपुर्ण आयमहरु निर्माण भइ स्थायित्व बिकास भएको यस परिस्थितिमा स्थानिय सरकारको सर्वोच्च निकाय गाउँसभामा स्थानिय सरकार बाट प्रथम पटक  नीति,कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा गर्व सहित अत्यन्तै खुसी लागेको छ । अधिकार, स्रोत, साधन, वजेट उत्तरदायित्व र जवाफदेहिता समेत स्थानिय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ जुन स्वागत योग्य छ । समावेशी सहभागीता सामाजिक न्याय शुसासन भ्रष्टचारको अन्त्य समृद्ध र बिकासमा आम जनताको तिब्र चाहना र आवश्यक्तालाई मध्यनजर गरी आम जनताको साथ सहयोग र सक्रिय सहभागीतामा प्राकृतिक श्रोत साधनले सम्पन्न सान्नी त्रिवेणी गाउँपालिका समृद्धि र बिकासको चरणबद्ध रुपमा अगाडी बढाउने प्रकृयमा मा छौं। यो हाम्रो लागी अवसर र चुनौती दुबै हो ।बिभिन्न टोलबस्ती भेला, वडा समितिका बैंठकबाट योजनाहरुको छनौट, बिषयगत समितिको बैंठक र यस गाउँपालिकामा क्रियाशिल राजनैतिक दल, समाजसेवी बुद्धिजिवी, सघं संस्था बिभिन्न बिषय विशेषज्ञहरु स्थानिय बिकास प्रेमी आम जनताहरुको बिचको अन्तक्रिया र योजना निर्माणका बिभिन्न चरणहरु पार गर्दै कार्यपालिकाको बैंठक पश्चात प्रस्तुतीको चरणमा छु ।

नेपालको सिङ्गो  संघिय लोकत्रान्त्रिक गणतन्त्र स्थापनाका लागी नेपाली  जनताले पटक पटक गरेका राष्ट्रिय हितका खातिर ऐतिहासिक जनआन्दोलन जनयुद्ध र अन्य बिभिन्न राजनैतिक तथा सामाजिक आन्दोलनमा सदाहत प्राप्त गर्ने  आन्दोलनको क्रममा जीवन उन्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात विर सहितहरु प्रति हार्दिक श्रदान्जली ब्यक्त गर्दछू साथै ति आन्दोलनहरुमा प्रेरणादायी भुमिका निर्वाह गर्दै समाज परिवर्तनको अग्र स्थानमा रहनुहुने सम्पुर्ण अग्रजहरु प्रती   सम्मान ब्यक्त गर्दछु  । बेपत्ता नागरिकहरु प्रति स्मरण गर्दै घाईते र पिडित प्रति उच्च सम्मान ब्यक्त गर्दछु।

यसका साथै २०७९ साल बैशाख ३० गते सम्पन्न भएको स्थानिय तह सदस्य निर्वाचनमा निर्वाचित हुनु हुने सम्पूर्ण गाउँ सभा सदस्य ज्युहरुलाई यस प्रथम गाउँ सभामा हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु ।

ऐतिहासिक जनआन्दोलन जनयुद्ध र अन्य बिभिन्न राजनैतिक तथा सामाजिक आन्दोलनको परिणाम स्वरुप २०७२ मा जारी भएको नेपालको लोकतान्त्रीक तथा जनमूखी संविधानको कार्यान्वयनका लागि विकेन्द्रिकरणको सिद्धान्त अनुसार देश संघियतामा विभक्त भए पश्चात जनताको अमूल्य मताधिकारबाट गठित स्थानिय सरकारले जनताका लागी उपलब्धिमूलक दोस्रो स्थानीय तह सदस्य निर्बाचनको प्रथम वर्षको संघारमा छु ।

स्थानिय निर्वाचनमा जनताको आस्था र विश्वास अनुरुप फरक फरक राजनैतिक दलमा आस्था राख्न पाउने अधिकारलाई सम्मान गदै लोकतान्त्रीक पद्धति अनुसार निर्वाचनमा भाग लिई जनताको अमुल्य मत प्राप्त गरि गठित स्थानिय सरकार आम सान्नी त्रिवेणी गाउँपालिकाका जनसमुदायको हितमा समर्पित जनमूखी सरकार हो भन्ने कुरा बुझेका छु । निर्वाचनको परिणाम जे जस्तो भएपनी विकास, र समृद्धि, लाई यस गाउँपालिका भित्रका राजनैतिक दल, कार्यरत कर्मचारी, नागरिक समाज, आम जनता, लगाएत सबैले मुख्य एजेण्डा बनाउन सके मात्र आशातित उपलब्धी प्राप्त गर्न सकिने कुरामा विश्वस्त छु । तर अपेक्षित रुपमा प्रतिपक्ष दल, नागरिक समाज,र केहि जनसमुदाय तथा अगुवाको सहयोग र समन्वयमा विकास निर्माणका कार्यलाई सोचे अनुसार गती अगाडी बढाउन सकिने महशुस गरेका छु । उपस्थित गाउँ सभाका सदस्य एवं सम्पूर्ण महानुभावहरु



सान्नी त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मेहलमुडी, कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

मोहन बहादुर के.सी. गा.पा. अध्यक्ष

अव म सुन्दर " एक घर एक उत्पादन, एक गाउँ एक उद्योग हाम्रो चाहाना............ सुखी र समृद्ध गाउँपालिकाको कामना" भन्ने नाराका साथ यस गाउँपालिकाको आ व २०७९।०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- स्थानिय सरकारको रुपमा स्थापित भएको दोश्रो स्थानीय तह सदस्य निर्बाचनको प्रथम गाउँ सभा तथा दशौ अधिवेशनमा आइपुग्दा अवका दिनमा यस गाउँपालिकामा आम जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानिय जनतालाई योजना तर्जुमा साँथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित र यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा बिकास गतिबिधिहरु संचालन गरी यस क्षेत्रका जनतालाई प्रत्यक्ष परिवर्तनको अनुभुति हुने गरी बिकास निर्माण गर्ने प्रमुख नीति लिएको छ ।
- लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्ययोचित बितरण गरी कानुनी राज्य र दिगो बिकासको अवधारणा अनुरुप समाजबाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानिय तहदेखि नै सुद्धढीकरण गर्न प्रतिबद्ध रहेका छौ । यसका लागी केन्द्र तथा प्रदेश सरकार सँग सहकार्य गरी अगाडि बढ्ने निति अबलम्बन गरिने छ ।
- आन्तरिक राजश्व परिचालन क्षमता बृद्धि गर्दै जाने र बित्तिय समानिकरण अनुदानको अतिकतम विनियोजनद्धारा गरिवी निवारण र दिगो आर्थिक बृद्धि हासिल गर्दै दिगो आर्थिक बिकास सँगै समृद्ध गाउँपालिका निर्माण गर्ने लक्ष्य हासिल गर्न हामीले आफ्नो क्षेत्रबाट अधिकतम प्रयास गर्नेछौ ।
- गर्भवति तथा सुत्केरि महिलाहरुकालागी आकस्मिक रुपमा निःसुल्क एमुलेन्स सेवाको पहुँजमा वृर्दि गरि मातृशिशु मृत्यु दरलाइ न्युनिकरण गर्न प्रयास गर्नेछौ ।
- गर्भवति तथा सुत्केरि महिलाहरुलाई बथिङ्ग सेन्टर सम्म पुर्याए बाफत स्वास्थ्य स्वयंम सेबिकाहरुलाई थप प्रोतसाहन भत्ताको ब्यबस्थापन गरिनेछ ।
- गर्भवति महिलाले स्वास्थ्य जाँज गर्न चारपटक स्वास्थ्य संस्थामा आएमा एकपटमा एक क्रेट अण्डा दिईने ब्यबस्था गरिने छ ।
- गाउँपालिका अन्तर्गत सुपथ मुल्यमा पसल संचालन गर्ने व्यावसायिलाई गाउँपालिकाबाट अनुदान रकमको व्यवस्था मिलाईने छ ।
- पशु स्वास्थ्य लाई मध्यनजर गर्दै निशुल्क पशु स्वास्थ्य सिविर संचालन गरिने छ ।
- व्यवसायिक पशु पालन मार्फत रोजगारि सृजना गरि यूवाहरुलाइ गाँउ भित्रै स्वरोजगार बनाउनका लागी प्रतिशप्रधी अनुदान उपलब्ध गराइ यूवा लक्षित पशुपालन कार्यक्रम संचालन गरिने छ ।
- पशुपालन क्षेत्रको बिकासमा कृषक समुह समिति सहकारी संघसंस्था र गाँउपालका बिच साझेदारी कार्यक्रम संचालन गरिने छ ।
- दलित जनजाती महिला तथा बिपन्न बर्गलाइ बिशेष प्राथामिकताका साथ कार्यक्रम तर्जुमा गरिनेछ ।
- गाँउपालिका भित्र रहेका सहकारी को मुल्याङ्नका आधारमा उत्कृष्ठ कार्य गर्ने सहकारी लाई प्रोत्साहित गरिने छ ।

बान्नी त्रिवेणी गाउँपालिका गाउँपालिकाको कार्यालय मैहलमुडी, कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

मोहन बहादुर के.सी. गा.पा. अध्यक्ष

- सहकारी क्षेत्रलाइ उद्यमसिलता बिकास कृषिको ब्यवसायिकरण रोजगारी सृजना गरिचालनमा जोड दिदै आर्थिक बचत तथा ऋण परिचालनका लागी सहकारी संस्था र पालिका विच साझदारि गरिने छ ।

- लघु उद्यम बिकास कार्यक्रम मार्फत सिपमुलक तालिम संचालन एवम् प्रविधी हस्तान्तरण गरी रोजगारी सिर्जना गर्न आवश्यक पहल गरिने छ ।

- स्थानिय श्रम सिप र प्रविधी बाट संचालन घरेलु तथा साना उद्योगको संरक्षणको व्यवस्था मिलाइने छ ।

- लघु तथा घरेलु उद्योग संचालनका लागी सहयोग तथा सहजिकरण गरिने छ ।

- सिपमुलक तालिम लाइ प्रोत्साहन गरि घरेलू उद्योग संचालन गरिने छ ।

- पालिका क्षेत्र भित्र संचालनमा रहेका पुराना सिचाँइ कुलोहरुको स्तरउन्नती तथा नयाँ निर्माण गरी खेतियोग्य जग्गामा सिचाइको पहुँच पुर्याइ खादान्न तरकारी तथा फलफुल उत्पादनमा आत्मनिर्भर बनाइने छ ।

- गाँउपालका क्षेत्र भित्र जमिनको अवस्था तथा पानिको उपलब्धताको आधारमा बहुउपयोगी पानी पोखरी तथा थोपा सिचाइ कार्यक्रमलाइ आव्यश्यकता हेरी सवै बस्ती टोलहरुमा पँहुचमा पुर्याइनेछ ।

- मिति २०७९ साल असार महिनाको १० गते देखि नै वडा नं.१ देखि ९ सम्मका सामाजिक सुरक्षा भत्ता लाभग्राही अति बृद्ध र अशक्तहरुलाई बैंक र सुरक्षा निकाय सँग समन्वय गरी शिबिरको माध्यामबाट रकम बितरण गरिने छ।

-

## आर्थिक बिकास तर्फ

- जीवन निर्वाह मुखि कृषि प्रणालीलाई व्यवसायमुखी बनाउने रणनीति अवलम्बन गरिनेछ । सो का लागि बजार व्यवस्थापन र बजार सम्म उत्पादित बस्तु तथा सेवा ढुवानी गर्न अनुदानको व्यवस्था गरिनेछ ।

- सवै वडा मा माटो परिक्षण गरी बिउ मल सिफारिस गर्ने र स्थानिय सम्भावनाका आधारमा एक वडा एक उत्पादन पकेट क्षेत्र कार्यक्रम संचालन गरिने छ ।

- विउ विजन मल आदिमा कृषक तथा कृषी समुह र सहकारी लाइ अनुदानको व्यवस्था गरिने छ ।

- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धी एवम् कृषि पेशाको ब्यवसायिकरण एवम् विविधिकरणका लागी बिकसित प्रविधहरुको बिषयमा तालिम संचालन गरी कृषि पेशालाइ आकर्षण र सम्मान जनक पेशाको रुपमा बिकसित गरिने छ ।

- साना तथा लघु उद्योग स्थापना गर्न चाहने व्यवसायिहरुका लागि प्रोत्साहन स्वरुप कम्तीमा पनि कुल लागतको ५० प्रतिशत कृषि अनुदानको व्यवस्था गरिनेछ ।

- आमजनताको आर्थिक अवस्थालाई सवलिकरण गर्न सहकारी बैङकको स्थापना गरिनेछ । वित्तिय क्षेत्रलाई उकास्नका लागि सर्वसुलभ ऋण, लगानी तथा बचत गर्ने व्यवस्था मिलाईनेछ ।

- एक घर एक करेशावारी तथा एक घर दुई फलफुल बिरुवा संचालन गरिने छ ।

त्रिवेणी गाउँपालिका गाउँपालिकाको कार्यालय सहजभुडी, कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

मोहन बहादुर के.सी. गा.पा. अध्यक्ष

- ❖ कृषक समुह सहकारी र सरकार तथा गैर सरकारी संधसंस्था हरुको साझेदारीमा कृषि कार्यक्रम संचालन गर्ने निति संचालन गरिने छ ।
- ❖ जलबायू परिवर्तन अनुकुल उत्पादन तथा उत्पादकत्व बृद्धी गर्न विशेष जोड दिइने छ ।
- ❖ कृषि उत्पादनहरुको आव्यश्यक बजारिकरण सहित उत्पादित बस्तु अनुसार प्रोत्साहन दिइनेछ ।
- ❖ वर्तमान बेरोजगारी समस्यालाई मध्यनजर गर्दै विद्यमान रोजगारीको अवस्थाको मुल्यांकन तथा नयाँ रोजगारीको सम्भाव्यता अध्ययन गरी स्थानीय स्तरमै रोजगार तथा स्वरोजगार बन्ने वातावरण तयार गरिने छ ।
- ❖ सार्वजनिक नीजि तथा सहकारीका माध्यमबाट युवा जनशक्तिलाई कृषी, पशुपालन, पर्यटन र लघु उद्यम व्यवसायमा आवद्ध गराई "सान्नी त्रिवेणीको आधार - सबै युवा स्वरोजगार" कार्यक्रम लागु गरिने छ ।
- ❖ स्थानीय आवश्यकतालाई मध्यनजर गरी बेरोजगार युवा लक्षित छोटो तथा लामो अवधिका सीपमुलक तालिमहरु जस्तै सिकर्मी, डकर्मी, पलम्बर, इलेक्टिशियन, कम्प्युटर, होटेल व्यवस्थापन, व्युटिशियन, सिलाई कटाई लगायत अन्य तालिमको व्यवस्था गरिनेछ ।
- ❖ पशु स्वास्थ्य लाइ मध्यनजर गर्दै निशुल्क पशु स्वास्थ्य सिविर संचालन गरिने छ ।
- ❖ व्यवसायिक पशु पालन मार्फत रोजगारि सृजना गरि यूवाहरुलाइ गाँउ भित्रै स्वरोजगार बनाउनका लागी प्रतिशप्रधी अनुदान उपलब्ध गराइ यूवा लक्षित पशुपालन कार्यक्रम संचालन गरिने छ ।
- ❖ पशुपालन क्षेत्रको बिकासमा कृषक समुह समिति सहकारी संघसंस्था र गाँउपालका बिच साझेदारी कार्यक्रम संचालन गरिने छ ।
- ❖ दलित जनजाती महिला तथा बिपन्न बर्गलाइ बिशेष प्राथामिकताका साथ कार्यक्रम तर्जुमा गरिने छ ।
- ❖ गाँउपालिका भित्र रहेका सहकारी को मुल्याङ्नका आधारमा उत्कृष्ठ कार्य गर्ने सहकारी लाई प्रोत्साहित गरिने छ ।
- ❖ सहकारी क्षेत्रलाइ उद्यमसिलता बिकास कृषिको ब्यवसायिकरण रोजगारी सृजना गरिचालनमा जोड दिदै आर्थिक बचत तथा ऋण परिचालनका लागी सहकारी संस्था र पालिका विच साझदारि गरिने छ ।
- ❖ लघु उद्यम बिकास कार्यक्रम मार्फत सिपमुलक तालिम संचालन एवम् प्रविधी हस्तान्तरण गरी रोजगारी सिर्जना गर्न आवश्यक पहल गरिने छ ।
- ❖ स्थानिय श्रम सिप र प्रविधी बाट संचालन घरेलु तथा साना उद्योगको संरक्षणको व्यवस्था मिलाइने छ ।
- ❖ लघु तथा घरेलु उद्योग संचालनका लागी सहयोग तथा सहजिकरण गरिने छ ।
- ❖ सिपमुलक तालिम लाइ प्रोत्साहन गरि घरेलू उद्योग संचालन गरिने छ ।
- ❖ पालिका क्षेत्र भित्र संचालनमा रहेका पुराना सिचाँइ कुलोहरुको स्तरउन्नती तथा नयाँ निर्माण गरी खेतियोग्य जग्गामा सिचाइको पहुँच पुर्याइ खादान्न तरकारी तथा फलफुल उत्पादनमा आत्मनिर्भर बनाइने छ ।

सान्नी त्रिवेणी गाउँपालिका गाउँपालिकाको कार्यालय महलमुडी, कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

मोहन बहादुर के.सी. गा.पा. अध्यक्ष

- गाँउपालका क्षेत्र भित्र जमिनको अवस्था तथा पानिको उपलब्धताको आधारमा बहुउपयोगी पानी पोखरी तथा थोपा सिचाइ कार्यक्रमलाइ आव्यश्यकता हेरी सवै बस्ती टोलहरुमा पहुच मा पुर्याइने छ ।

**सामाजिक विकास तर्फ**

**शिक्षा**

- विधालयको कार्यसम्पादन सुचकमा आधारित अनुगमन गरी स्तरिय गर्ने समस्याको पहिचान गर्ने ।
- सिकाइ उपलब्धीको विद्यायलगत बिश्लेषण गरि अभिभावकहरुको सहभागितामा विद्यार्थीको सिकाइ आब्यकता पहिचान गरी सुधारात्मक शिक्षण योजना बनाइ लागु गरिने छ ।
- विद्यालय सुधार योजना लाइ कार्यन्वयन योग्य बनाइ गाँउशिक्षा योजना सगँ आबद्ध गरी कार्यन्वयनमा ल्याइने छ ।
- सामुदयिक सिकाइ केन्द्र हरुको क्षमता पहिचान गरी एक सामुदायिक केन्द्रहरुलाइ नमुना सिकाइ केन्द्रको रुपमा बिकास गरिने छ ।
- पालिका स्तरिय शैक्षिक मेलाको आयोजना गर्ने र प्रथम हुने बिद्यालयलाइ सम्मानको व्यवस्था गरिने ।
- पालिका भित्रको आव्यश्कता हेरी प्रारम्भिक वालबिकास केन्द्र हरु बिस्तार तथा कार्यरत सहजकर्ता हरुको सेवा सुविधामा हेरफेर गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न गाउँपालिकाले **"सान्नीत्रिवेणी गाउँपलिका शिक्षा ऐन २०७८"लाई** कार्यान्वयन मा ल्याउने ।
- आउने दिनहरुमा मुख्य मन्त्रि र प्रधानमन्त्रि स्वरोगार कार्यक्रमलाई विद्यालय केन्द्रित गरिने निति अवलम्वन गर्न सम्वन्धित वडासंग समन्वय गरि कार्यान्वय गरिनेछ ।
- **"अक्षर चिनाऔं, निरक्षरता हटाऔं- साक्षर गाउँपालिका घोषणा गरौं"** कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।
- शैक्षिक गुणस्तर विकासको मुलमन्त्र **"यूवा जोस-शैक्षिक समृद्धिका लागि नयाँ सोच"** लाई आत्मसाथ गरि विद्यालय शिक्षामा यूवाहरुलाई प्रवेश गराउन प्रोत्साहन र प्राथमिकता दिईनेछ ।
- **"आफ्नो विद्यालय आफै बनाऔं, शैक्षिक गुणस्तरको केन्द्र बनाऔ"** भन्ने आभियानलाई कार्यान्वयन गर्न विद्यालयहरुलाई प्रोत्साहित र व्यवहारिक रुपमा लागु गर्न भरपुर प्रयत्न गरिनेछ ।
- "शिक्षकको मान-संधै गरौ सम्मान" शैक्षिक अभिवादन कार्यक्रम अर्न्तगत पालिकाका उत्कृष्ट प्र.अ., शिक्षक, वि.व्य.स, अभिभावक र विद्यार्थीलाई सम्मान गर्ने कार्यको अविलम्ब थालनी गरिनेछ ।
- **"सिर्जनशिल सिकारुको चाहना-नविनतम् प्रविधि सहित उज्यालो कक्षाकोठा हाम्रो कामना"** अवधारणा अनुरुप विद्यालयहरुमा ईन्टरनेट सेवालाई विस्तार गर्न आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।
- प्रत्येक सामुदायिक विद्यालयहरुमा स्वच्छ खाने पानी, पानी सहितको छात्रा शौचालय र छात्राहरुका लागि स्यानिटरी प्याडको निःशुल्क प्रवन्ध मिलाईनेछ ।
- **"सान्नीत्रिवेणी गाउँपलिका शिक्षा ऐन २०७८"** अनुसार बालबालिकाको शिक्षा पाउने नैसर्गिक अधिकारलाई सुश्चितता गर्न तथा समयानुकुल शैक्षिक गुणस्तर सुधारका लागि विद्यार्थी संख्या अनुपातमा पालिका अनुदान शिक्षक दरबन्दी मिलान तथा मिलान भएका दरवन्दिलाई निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहायक कर्मचारी, बाल शिक्षक र कार्यालय सहयोगीहरुका लागि तहगत श्रेणी अनुसार पाउने सेवा सुविधाको सुनिश्चितता गरिनेछ ।
- सामुदायिक विद्यालयलाई अनुदान दिंदा विद्यालयको सक्षमताका आधारमा अनुदान रकम उपलब्ध गराईनेछ ।



सान्नी त्रिवेणी गाउँपालिका गाउँपालीकाको कार्यालय बैहलमुडी, कालीकोट कर्णाली प्रदेश नेपाल

मोहन बहादुर के.सी. गा.पा. अध्यक्ष

- **"एक टोल एक शिक्षक-एक टोल एक पुस्तकालय" बाल सिकाइ सहजिकरण** कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालित प्राविधिक धारका विद्यालयलाई आवासिय नमुना विद्यालय बनाउनका लागि तयारीका साथै आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।
- विद्यालयमा नविनतम् प्रविधिमा आधारित शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्नका लागि प्रत्येक विद्यालयमा उच्च गतिको ईन्टरनेट जडान गरिनुका साथै जडान भईसकेको विद्यालयहरुलाई ईन्टरनेट शूल्कको व्यवस्थापन गरिनेछ ।
- साक्षर गाउपालिका घोषणाका लागि कक्षा १२ को अन्तमा विद्यालयमा गरिने अभ्यास शिक्षणका बालबालिकाहरुले आफ्ना अभिभावकहरुलाई साक्षर बनाएबापत अतिक्ति ५ अंक प्रदान गर्ने व्यवस्था मिलाईने छ ।
- गाउँपालिका क्षेत्र भित्र सञ्चालित प्राविधक शिक्षालयलाई आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।
- जनचेतना बहुमुखी क्याम्पसलाई सुचारु ढंगले सञ्चालन गर्नका लागि विशेष कोषको स्थापनार्थ प्रदेश र संघ सरकारसंग माग गरिनेछ ।

- विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी ढंगबाट संचालन गरी **शत प्रतिशत बिद्यालय उमेरका बालबालिबालाई बिद्यालय ल्याऔ,टिकाऔ र सिकाऔ** भर्ना अभियानलाई निरन्तरता दिईनेछ ।
- शुन्य दरबन्दि भएका विद्यालयहहरुमा **पालिका अनुदानको** ब्यवस्था गरिएको र विद्यार्थी संख्या बढी र शिक्षक संख्या कमी भएका विद्यालयहरुलाई लक्षित गरी आधारभूत र मा.वि.तहमा पालिका अनुदानको ब्यवस्था गरिएको छ।यस कार्यलाई निरन्तरता दिइनेछ(साथै शैक्षिक उपलब्धि सन्तोषजनक नभएका विद्यालयहरुलाई **मर्ज गरिनुका** साथै प्राप्त अनुदानकोटाहरु सो विद्यालयहरुबाट **कटौति गरीदै** लिईनेछ।
- गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि गाउँ शिक्षा योजना निर्माण गरि कार्यान्वयनमा ल्याईने छ ।
- स्थानिय पाठ्यक्रम कार्यान्वयनलाई मुर्तरुप दिनका लागि स्थानिय पाठ्यपुस्तक क्रमश कक्षा १ देखि ८ सम्म प्रकाशन गरि लागु गरिने छ ।
- कोभिड-१९ भाईरसबाट **"आफु बाचौं अरुलाई बचाऔं"**विद्यालयहरुमा कोभिड-१९ भाईरस र स्वास्थ्य सचेतना कार्यक्रमका लागी विद्यालयका स्वास्थ्य शिक्षक ब्यवस्थापन संचालन गरीनेछ।
- सम्पुर्ण सामुदायिक विद्यालयहरुमा **ईन्टरनेटको सुलभ पँहुजको** ब्यवस्थाका लागि आवश्यक वजेट मिलाइनेछ।
- बिगतका बर्षहरुमा संचालनमा ल्याएको **बायोमेट्रिक डिजिटल हाजिरी सिस्टमलाई** थप प्रभावकारी रुपमा संचालन तथा प्रयोग निरन्तरता दिईनेछ।
- **"हामी सक्षम शिक्षक चिन्छौं"** कार्यक्रम मार्फत उत्कृष्ट पालिका शिक्षक छनौट गरी सो उत्कृष्ट सामुदायिक विद्यालयका शिक्षकहरुलाई सम्मान गरीनेछ।



त्रिवेणी गाउँपालिका गाउँपालिकाको कार्यालय बैहलमुडी, कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

मोहन बहादुर के.सी. गा.पा. अध्यक्ष

- **मनोहर बाल उधान सहितको हरित** सामुदायिक विद्यालय बनाउन अनुदान सहित प्रोत्साहित गरीनेछ।
- पालिका स्तरीय नियमित रुपमा **अतिरिक्त क्रियाकलापहरु** संचालन गरीनेछ।
- सामुदायिक विद्यालयहरुमा **नमुना शिक्षण सिकाई कार्यक्रम** संचालन गर्न प्रोत्साहित गरिनेछ।
- पालिका भरीका सामुदायिक विद्यालयहरुमा शिक्षक र विद्यार्थिहरुको **ड्रेस अनिवार्य प्रयोगमा ल्याउन ड्रेसमा एकरुपता** ल्याईनेछ।
- सामुदायिक विद्यालयहरुमा खेलकुद प्रशिक्षक ब्यवस्था सम्बन्धि **ज्ञानमुलक प्रशिक्षण** गर्न ब्यवस्था मिलाईनेछ।
- सामुदायिक विद्यालयहरुमा **खाजाघरको ब्यवस्थापन** गर्न विद्यालयहरुलाई प्रोत्साहित गरीनेछ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरुमा अनुशासन र पढाईमा गतिशिलता ल्याउन विद्यालयहरुमा **त्रैमासिक** ३/३ महिनामा परीक्षा संचालनमा एकरुपता ल्याईनेछ।
- हाल संचालित यस पालिकामा रहेका सामुदायिक विद्यालयहरु मध्ये **माद्यामिक तह कक्षा १२** सम्मको शिक्षा अनिवार्य निःशुल्क प्रदान गरीने ब्यवस्था मिलाईनेछ।
- पालिकामा रहेका **साविकको गाविसका उच्चतम ३ वटा सामुदायिक** विद्यालयहरुलाई **नमुना विद्यालयको** रुपमा बिकास गरीनेछ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सृजना गर्न **नियमित अनुगमन तथा निरीक्षण प्रणालीलाई सूचाकं सहित ब्यवस्थित** रुपमा बिकास गरिदै लिईनेछ।
- सामुदायिक विद्यालयहरुलाई **अंग्रेजी माध्यममा र कम्प्युटर शिक्षा मार्फत नविन तथा प्रविधीअपनाई पठनपाठन गर्नमा प्रोत्साहन गरीनेछ**। सो प्रविधीअपनाई पठनपाठन गरीरहेका सामुदायिक विद्यालयहरुलाई उचित प्रोत्साहन रकमको ब्यवस्था मिलाईनेछ।
- माध्यामिक तहसम्म संचालित सामुदायिक विद्यालयहरुमा पहिले दिदै आएका विविध अनुदान सामग्रीहरुको अनुगमन गरी अनिवार्य **विज्ञान प्रयोगशाला, पुस्तकालय ,ICT** ल्याब र **नबिन तथा शैक्षणिक प्रविधि मुलक सामाग्रीहरुको** उचित प्रबन्ध सहित आ.वि. मा समेत क्रमिक रुपमा मिलाउदै लैजाने ब्यवस्था मिलाईनेछ।
- सामुदायिक विद्यालयहरुमा पठनपाठन गर्ने बालबालिकाहरुको लागी प्रदान गरीने **दिवा खाजा,छात्रवृति** वितरणलाई थप प्रभावकारी रुपमा **सम्बन्धित लक्षित बालबालिकाहरुको पहुँचमा पुग्ने गरी पहल** गरिने छ ।
- प्राबिधिक विद्यालय तथा प्राबिधिक कलेज स्थापनाको लागी **सामुदायिक विद्यालयहरुमा** पहल गरीनेछ।

सान्नी त्रिवेणी गाउँपालिका गाउँपालिकाको कार्यालय मेहलमुडी, कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

मोहन बहादुर के.सी. गा.पा. अध्यक्ष

- सामुदायिक विद्यालयहरुको प्रत्येक बर्षमा अनिवार्य रुपमा सामाजिक परिक्षण गराउनु पर्ने र सामाजिक परिक्षणमा प्राद्शिता ल्याउन उचित **सुपरीवेक्षण समिति गठन गरी सहि सुपरिवेक्षणको** व्यवस्था मिलाईनेछ।
- यसै गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याईने छ।
- विद्यालयमा कुनै कारणले शिक्षक अनुपस्थित रहेमा कक्षाकोठामा शिक्षकको निरन्तरता दिन **बैकल्पिक शिक्षक तथा स्वयमसेवक** शिक्षकको व्यवस्था गर्ने नीति लिईनेछ ।
- विद्यालयमा **दक्ष अनुभवी र बरिस्ठत्तम शिक्षकलाई प्रधानाध्यापक व्यवस्थापनको** लागि शिक्षा ऐन तथा नियमावलीअनुसार समयावधि पुगेका कार्यदक्षता एवम् कार्यसम्पादनमा निकै कमजोर विद्यालयकाहरुका प्र.अ.हरुलाई विदाई गरी **नयाँ करार प्रधानाध्यापहरुको** लागी क्रमसः नेतृत्व व्यवस्थापन गरिनेछ ।
- सार्वजनीक विद्यालयलाई गुणस्तरीय शिक्षाको केन्द्र बनाउन प्रोत्साहितगरिनेछ ।
- **अपाङ्ग,जनजाती, अनाथ र टुहुरा बालबालिहरुको** विवरण एकिन गरी **छात्रवृती** कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- सामुदायिक **विद्यालयको जग्गा जमिन** विद्यालयको नाममा नामसारि गर्न बाँकी रहेको **जग्गा संरक्षण व्यवस्थापन** र प्रयोगका सम्वन्धमा आवश्यक पर्ने नीति निर्माण गरिने छ ।
- विद्यालयको परिक्षा ब्यावस्थापनलाई परिमार्जन गरि **गुणस्तर शिक्षा प्रदान** गर्नका लागि **कक्षा ५ र ८** को परीक्षा गाउँपालिका बाट संचालन गर्न ब्यवस्था मिलाईनेछ ।
- कुशल ब्यवस्थापन सहित उच्च सिकाई उपलब्धी हासिलगरेका देशकै नमुना विद्यालयहरुको अध्ययन एवम् अवलोकन भ्रमणको लागि विद्यालय **शैक्षिक सुधारमा प्रयासरथ प्रगतिलशिल प्र.अ.,एवम् शिक्षक,कर्मचारीहरुलाई आवश्यक शैक्षिक भ्रमणका** लागी ब्यवस्था मिलाईनेछ ।
- शिक्षण सिकाई क्रियाकलाप गुणस्तरिय तथा प्रभावकारी बनाउन **शिक्षकका पेशागत संगठनहरुको** सल्लाह लिने नीति लिईने छ।
- उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय, विद्यालय बि.ब्य.स.,प्र.अ.,एवम् शिक्षकहरलाई **पुरस्कार/सम्मानित** गर्ने र कमजोर कार्यसम्पादन हुने विद्यालय वा शिक्षकहरलाई **शैक्षिक दण्ड** कार्यको थालनी गरिनेछ ।
- सम्पूर्ण विद्यालयलाई **लैगिकमैत्रि, बालमैत्रि,प्रविधिमैत्री शैक्षिक तथा भौतिक पहुँचयुक्त बाताबरण सृजना** गर्न विद्यालयहरुमा आवश्यक सहकार्य गरिनेछ।

सान्नी त्रिवेणी गाउँपालिका गाउँपालिकाको कार्यालय मेहलमुडी,कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

मोहन बहादुर के.सी. गा.पा.अध्यक्ष

- शैक्षीक गुणस्तर अधिबृद्धिको लागि आधारभूत **तहको तल्ला कक्षाबाटै सुधारका** प्रयासहरुलाई थप व्यवस्थित बनाउदै लगिनेछ ।
- **रोजगारमूलक, सीपमुलक, प्राविधिक तथा ब्यवसायिक** शिक्षामा जोड दिने निति लिईनेछ ।
- बातावरणीय अनुकुलताको लागि **"एक विद्यालय एक बगैचा-हरियाली विद्यालय आर्कषणमय"** भन्ने प्रयोगात्मक कार्यको थालनी गरीनेछ।
- विद्यालयलाई प्रदान गरिने विभिन्न किसीमका अनुदानहरु विद्यालयको कार्यदक्षता र विद्यालयको कुल **वार्षिक शैक्षिक औषत उपलब्धिको** आधारमा प्राथमित्का दिईने ब्यावस्था मिलाईनेछ।
- कक्षा १ देखि ९ सम्मको बार्षिक परीक्षा लाई एकरुपता ल्याउनको लागी सबै कक्षाका सबै बिषयहरुको **कक्षागत बार्षिक परीक्षा नमुना प्रश्नपत्र** निर्माण गरी लागु गरीनेछ।
- यसै आर्थिक बर्षमा **साक्षर गाउँपालीका** घोषणा गर्ने। **स्थानिय शिक्षा नियमावली र स्थानिय पाठ्यक्रम** निर्माण गरी लागु गरीने छ।
- प्रतेक शैक्षिक सत्र अन्त्यमा पालिकाभरीका विद्यार्थीहरुको शैक्षिक सत्र अन्त्यमा लिईने बार्षिक परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको बिषयगत औषत उपलब्धिको मुल्यांकन गरी **परीक्षाको बिश्लेषण** गर्ने कार्यको सुरुवात गरीनेछ।
- **"आफ्नो विद्यालय आफै बनाऔं शैक्षिक गुणस्तरको केन्द्र बनाऔं"** नितिगत रुपमा लागु गर्न विद्यालयहरु लाई प्रोत्साहित र ब्यावहारीक रुपमा लागु गर्न भरपुर प्रयत्न गरीनेछ।
- **"Learning Motivation in the Morning Time"** सिकाई उत्प्रेणाको विहानि समय(**मोटिभेस्नल**) जस्ता क्रियाकलापहरु विद्यालयहरुमा गर्न प्रोत्साहित गरीनेछ।
- पालिका स्तरीय शैक्षिकगान प्रयोगमा ल्याईनेछ।
- शैक्षिक गुणस्तर बिकासको मुलमन्त्र **"युवा जोस-नयाँ सोच"**लाई आत्मसात गरि बिद्यालय शिक्षामा युवाहरुलाई प्रवेश गराउन प्रोत्साहित र प्राथमिकता दिईनेछ।
- बन्ने र बन्दै गरेका बिद्यालय **भौतिक संग्रचनाहरु गुणस्तरयुक्त बनाउन नियमित अनुगमन गर्ने** । पुरानो लाई मर्मतपरी बसाई अनुकुल बनाउन प्राथमिकता साथ निरन्तर रुपमा प्रयत्न गरीनेछ। ।
- **"पोषाकलाई मर्यादित बनाऔं-लगाऔं सबैले ड्रस"**शैक्षिक अनुशासन कायम गर्न शिक्षक कर्मचारि र बिद्यार्थीहरु लाई नियमित **पोषाक र परिचय पत्रको ब्यबस्थापन** र प्रयोगमा ल्याउन विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ ।



मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

- **"शैक्षिक गुणस्तर कायम गर्न सबै लागौं सबै जागौं-गुणतरीय शैक्षिक सस्कारको वातावरण श्रजना गरौं"**वाक्य अनुसार विद्यालयको प्र.अ.विषयगत शिक्षक कर्मचारी र अभिभावकहरुले दैनिक वा नियमित रुपमा बिद्यार्थीहरुको शैक्षिक गतिविधिहरु सुधार्न प्रोत्साहित गरिनेछ ।
- **"हरियालि विद्यालय-रुख रोपौं सय"** बिद्यालय फिल्ड हरीयालिमय र आकर्षकको केन्द्रको रुपमा स्थापित गरिनेछ ।
- **"खेलकुद बिद्यालयको सान-उत्कृष्ट खेलाडीहरु लाई हाम्रो सम्मान"**जस्ता खेलकुद सम्बन्धि कार्यक्रम संचालन गरीनेछ।
- **"बाल मैत्री तथा शिक्षक मैत्रि विद्यालय-गुणस्तरीय शिक्षालय"**भन्ने मुल आदर्श वाक्य लाई ब्यावहारीक रुपमा कार्यान्वयनमा ल्याईनेछ।
- बिद्यालय बिद्यार्थि गुणस्तर मुल्यांकन तथा परीक्षण कार्यक्रम नियमित सुचारु मार्फत अनुगमन तथा निरिक्षण गरिनेछ।
- गाउँ पालिका स्तरिय प्रधानाध्यापक छनौट समिति गठन गरि सबै सामुदायिक विदयालयहरुमा प्रधानाध्यापक छनौटको कामको काम अघि तत्काल बढाउईने छ।

## स्वास्थ्य

- संघिय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल हुने गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाइने छ ।
- गाँउपालिका भित्र रहेका सवै नागरिकलाइ स्वास्थ्य बिमाको पहुचमा ल्याउने गरी कार्यक्रम गर्न सम्वन्धित निकायमा पहल गरिने छ ।
- सवै स्वास्थ्य संस्थाहरुमा कार्यसम्पाद सुचकका आधारमा नियमित अनुगमन गरिने छ ।
- आँखा परिक्षण पाठेघरको क्यान्सर लगाएतका रोगहरुको समयमै पहिचान र निदानकालागी घुम्ती स्वास्थ्य सिविरको व्यवस्था गरिने छ ।
- खोप पोषण परिवार नियोजन क्षयरोग तथा अन्य स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु प्रभावकारीर रुपमा संचालन गरिने छ ।
- सवै स्वास्थ्य संस्थाहरुमा नियमित रुपमा बर्षभरी नै अतिआब्यश्यक औषधीहरुको निशुल्करुपमा बितरण गरिने छ ।
- सवै स्वास्थ्य संस्थाहरुमा सुद्ध खानेपानी र फोहोरमैला ब्यवस्थापन गरिने छ ।
- पालिकाको स्वास्थ्य प्रणाली सुधार तथा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिबृद्धि गर्न पालिका स्तरीय स्वास्थ्य नीति तथा ऐनका प्राबधान अनुकुलका कार्यक्रमलाई प्राथमिकतामा दिइने छ ।

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

- ❖ गाउँपालिका स्तरको महामारी, रोग नियन्त्रण तथा विपद् व्यवस्थापनका लागी आकस्मिक योजना बनाई कार्यन्वयन गरिने छ। साथै महामारी तथा प्राकृतिक प्रकोपको व्यवस्थापन गर्न पालिका स्तरमा कोष स्थापना गरिनेछ।
- ❖ पालिकामा १५ शैयाको आधारभुत अस्पताल स्थापना गरि आवश्यक स्वास्थ्य उपकरण सहितको सेवा प्रदान गर्ने र सो का लागि आवश्यक दक्ष जनशक्तिको प्रबन्ध गर्न पहल गरिने छ।
- ❖ स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाइ मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको व्यवस्था गरिने छ।
- ❖ विगत वर्षदेखि सञ्चालित जेष्ठ नागरिक, ५ वर्ष मुनिका बालबालीकाहरु र महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई उपलब्ध गराउदै आएको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिई थप ब्यवस्थित बनाइने छ।
- ❖ विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य जाँच गर्ने ब्यवस्था गरी किशोर किशोरीहरुलाई उचित परामर्शको ब्यवस्था गरिने छ।
- ❖ महिला स्वास्थ्य स्वयं सेविकाको सेवालाई थप प्रभावकारी वनाउन प्रोत्साहन गरिने छ।
- ❖ स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका कार्यहरु थप प्रभावकारी वनाइनुका साथै स्वास्थ्य संस्थाको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीको मनोवल बढाउने र शुसासन कायम गर्ने कार्यलाइ प्राथमिकता दिइने छ।
- ❖ उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो,मृगौला लगाएतका नसर्ने रोगको पहिचान परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा संघिय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइने छ।
- ❖ स्वास्थ्य सुचना प्रणाली तथा आपुर्ति व्यवस्थापनलाई थप व्यवस्थित गर्न सम्पुर्ण स्वास्थ्य संस्थाहरु वाटै अनलाइन माध्यमबाट प्रतिवेदन प्रविष्ट गर्ने व्यवस्था मिलाइनुका साथै समिक्षा प्रणालीलाई थप ब्यवस्थित बनाइने छ।
- ❖ स्वास्थकर्मीहरुको दृष्टिकोण, ब्यवस्थापन टोली र सेवाग्राहीहरु वीचको सम्बन्ध विस्तारका लागि वडा स्तर देखि गाउपालिका स्तरसम्म भए गरिएका कामको सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा सेवाग्रही को गुनासो व्यवस्थापन गर्ने संयन्त्रको स्थापना गरिने छा।
- ❖ २४ सै घण्टा सेवा प्रदान गर्नु पर्ने स्वास्थ्यकर्मीहरुका लागि स्थानीय निकायबाट थप सुविधाको व्यवस्था गरिने छ।
- ❖ कार्य सम्पादनको आधारमा स्वास्थकर्मी र स्वास्थ्य सस्थाहरुलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ।



सान्नी त्रिवेणी गाउँपालिका गाउँपालिकाको कार्यालय मेहलमुडी, कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

मोहन बहादुर के.सी. गा.पा. अध्यक्ष

- ❖ पालिका अर्न्तगत निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको संचालन ,स्तरोउन्तीको लागी नीतीगत अभ्यासको सुरुवात गरिने छ ।
- ❖ स्वास्थ्यका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था साथै दातृ निकायहरुसंग समन्वय गरी स्वास्थ्य क्षेत्रमा स्रोतको ब्यवस्थापन गर्न पहल गरिने छ ।
- ❖ बालविवाह न्यूनकरण गर्नका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## सुशासन तथा संस्थागत सेवा तर्फ

- ❖ गाउँपालिकाबाट प्रवाह हुने सेवा तथा सुचनाहरु प्रविधिमैत्री बनाईनेछ ।
- ❖ भष्ट्राचार बिरुद्ध सुन्य सहनसिलताको निति लाइ जोड दिइने छ ।
- ❖ गाउपालका बाट प्रवाह गरिने सेवालाइ नागरिकमैत्री बनाउन नागरिक वडापत्रका अतिरिक्त मोवाइल एप्स निर्माण गरी प्रयोगमा ल्याइने छ ।
- ❖ योजना कार्यन्वयन तहमा पार्दिसिता कायम गर्न ठेक्कापट्टामा विद्‌युतिय प्राणाली प्रयोगमा जोड दिनुका साथै आयोजना सुचनापाटी को प्रभावकारी कार्यन्वयन गरिने छ ।
- ❖ कर्मचारीको कार्यसम्पादन लाइ बस्तुनिष्ट र मापनयोग्य बनाउन सुचकहरुको निर्माण गरी बजेटको परिधिमा रही कार्यसम्पादन सम्झौता गरिने छ ।
- ❖ न्यायिक समितीको कार्यसम्पादनलाइ नागरिकले न्यायोचित अनुभुती गर्न पाउने गरि थप प्रभावकारी वनाउन इजलास निर्माँण गरिने छ । न्यायिक समितिका पदाधिकारीहरुको क्षमता बिकासका लागि तालिम को ब्यवस्थापन गरिने छ ।
- ❖ गाँउपालिकाको आन्तरिक नियन्त्रण प्राणालिलाइ चुस्त र दुरुस्त बनाउन कार्यबिधि र आचारसंहिता निर्माण गरि कार्यन्वयन गरिने छ ।
- ❖ गाँउपालिकाको कार्य संचालन तथा व्यवस्थापनलाइ कानुनको शाषनमा आधारित बनाउन आव्यश्यक कानुनको तर्जुमा गरी कार्यन्वयन गरिने छ ।
- ❖ गाँउपालिका बाट भएका मुख्य मुख्य उपलब्धीहरुलाइ आम नागरिकहरुमा संचार गराउन पुस्तक तथा डकुमेन्ट्रीको रुपमा प्रकाशन गरिने छ ।
- ❖ गाँउपालिका भित्र निर्माणहुने योजना तथा निर्णय प्रकृयालाइ बस्तुगत तथ्याङ्कमा आधारित तुल्याउन गाँउपालिका प्रोफाइल तयार गरिने छ ।
- ❖ गाँउपालिकाको संस्थागत बिकास गर्न पदाधिकारी तथा कर्मचारिहरुलाइ तालिम गोष्टी अध्यन अवोलोकन भम्रण तथा नेत्तुत्व क्षमता बिकास तालिम दिने ब्यवस्था मिलाइने छ ।
- ❖ अनुगमन तथा मुल्याङ्कन प्राणालिलाइ नियमित भरपर्दो र नतिजामुलक बनाइ बिकास योजना तथा कार्यक्रमलाइ थप गुणस्थरिय बनाइने छ ॥
- ❖ सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनका लागि सार्वजनिक सुनुवाई कार्यक्रम चौमासिक रुपमा गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- ❖ गाउँपालिकाका विभिन्न शाखाबाट प्रवाह हुने सेवा सुविधाहरुको नागरिक वडापत्रलाई डिजिटल बनाईनेछ।
- ❖ विभिन्न तथ्याङ्कहरुलाई चुस्तदुरुस्त आवश्यक परेको वेला आम जनताले प्रयोग गर्न सक्ने अवस्थालाई मध्यनजर गरि सो तथ्याङ्कलाई गाउँपालिकाको वेवसाइटमा प्रविष्ट गर्ने व्यवस्था मिलाईनेछ ।



मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

**बन,वातावरण तथा विपद व्यबस्थापन तर्फ ,**

- ❖ विकास निर्माणका कार्य सञ्चालन गर्नु पूर्व वातावरणीय प्रभावमूल्याङ्कन तथा दिगो विकासका सिद्धान्तलाई अवलम्बन गरिने नीति लागु गरिनेछ ।
- ❖ बाझोजग्गामा अनुकुल हुने गरी फलफुल लगायत अन्य बिरुवा मा जोड दिइने छ ।
- ❖ गाँउपालकाको हरियालि जोगाइ राख्न सामुदायिक बन विकासका लागी प्रोत्साहन गरिने छ ।
- ❖ यस क्षेत्रमा पाइने दुर्लव बन्यजन्तुहरुको संरक्षणकालागी आब्यश्यक कार्यक्रम संचालन गरिने छ ।
- ❖ गाँउपालिका क्षेत्र भित्रका घरहरुमा जडिवुटी तथा औषधीजन्य बिरुवा लगारउन प्रोत्साहन गरिने छ।
- ❖ सामुदायिक सहकारि बन तथा सरकारी बन बाट जडिबुडी र सडेगलेका काठ चोरी तस्करी गरमा दण्ड जरिवानाको रकम पालिकाको राजश्वमा जम्मा गरिने छ ।
- ❖ बिपद व्यवस्थापन कोष निर्माण गरी बिपद व्यवस्थानपन गरिने छ ।
- ❖ स्थानिय बिपद ब्यवस्थापन समितीलाइ सकृय बनाइ विपद पुर्व तयारी तथा प्रतिकार्य योजना बनाइ कार्यन्वयन गरिने छ ।
- ❖ विपद व्यवस्थापनका लागी खोज तथा उद्धार सामाग्रीहरुको व्यवस्थापन गरिने छ ।
- ❖ विपद व्यवस्थापनमा तत्काल उद्दारका लागी Quick Response team गठन गरी आव्यश्यक तालिम प्रदान गरिने छ ।
- ❖ विपद मा परेका व्याक्तिहरु लाइ राहत सामाग्री वितरणका लागि आवश्यक भण्डारको ब्यवस्थामा जोड दिइने छ ।
- ❖ **एक व्याक्ति १ रुख, अक्सिजन लिई आफैलाई सुख** नारालाई चरितार्थ गर्न बाँझो जग्गा तथा खाली ठाउँमा वृक्षारोपण गर्ने कार्यको सुरुवात गरिनेछ ।
- ❖ भू संरक्षणका लागि सडकका नाला व्यवस्थापन र तटवन्ध कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।
- ❖ भू संरक्षणका लागि कृषि उत्पादनमा प्रयोग गरिने विषादी लाई निरुत्साहित गरिनेछ ।
- ❖ जलवायू परिवर्तनका दिर्घकालिन तथा अल्पकालीन असरका बारेमा आम नागरिकलाई सुसुचित गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**<u>पुर्वाधार विकास तर्फ,</u>**

- ❖ रकु देखी मुम्रा सम्म सडक लाइ पहिलो प्रथामिकता दिदै सान्नी त्रिवेणी गाउपालिकाको मुख्य सडकको स्तरउन्नती गर्दै सवै वडाहरुमा जोड्ने सहायक सडक खण्ड हरुको निर्माण गरिने छ ।
- ❖ निर्माण गरिएका सडकहरुको स्तरउन्नती कार्यलाई प्राथमिकता दिईनेछ ।



सान्नी त्रिवेणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय मेहलमुडी, कालीकोट कर्णाली प्रदेश नेपाल

मोहन बहादुर के.सी. गा.पा. अध्यक्ष

- गाउँपालिका लाइ ब्यवस्थित एवम् दिगो बिकासका लागी गुरुयोजना तर्जुमा गरी बिकास गरिने निती अवलम्वन गरिने छ ।
- गाँउपालका स्थरिय गौरवका आयोजनाहरुको पहिचान र प्राथमिकता गरी आयोजना कार्यन्वयनका लागी आव्यश्यक बजेट गरिने छ ।
- सुचना मैत्री गाउपालकाको अवधारणा अवलम्वन गर्दै बिभिन्न तालिम तथा गोष्ठी मार्फत सुचना तथा संचारलाइ प्रभावकारी वनाइने छ ।
- योजनाहरुको लागत अनुगमन मुल्याङ्कन कार्यसम्पादन प्रतिवेदन नेपाली तथा अंग्रेजी भाषामा लागु गरिने छ ।
- आयोजनाको दिगोपना प्रभावकारीता मितव्यिता र कार्यकुशलता कायम गर्न मागमा आधारित सहभागिता मुलक योजना छनौट तथा कार्यन्वयन प्राणाली लाइ अबलम्वन गरिने छ ।
- सरकारी तथा निजी भवनहरु भुकम्पिय जोखिम बाट सुरक्षित वनाउने निति अबलम्वन गरिनुका साथै सरकारि भवन हरु अपाङ्गमैत्री बालमैत्री तथा जेष्ठनागरिक मैत्री बनाउने नितीलाइ निरन्तरता दिइने छ ।
- गाउपालिकामा रहेका लघु जलबिद्युतहरुको स्तरउन्नती गरी पालिकाका सवै वडा हरुमा विद्यत को ब्यवस्था गरिने छ ।
- गाँउपालिका भित्र बैकल्पिक उर्जा प्रवद्धन गरिने छ ।
- गाँउपालिकाको आव्यश्यकता अनुसार खानेपानीको मुहानहरुको संरक्षण गर्दै पुर्ण सरसफाइ यूक्त गाँउ टोल वनाउने अभियान सहित एक घर एक धारो योजना सहितको कार्यक्रम गरिने छ ।
- गाउपालिकाका सवै वडाहरुमा खानेपानिको उपलब्धतामा जोड दिइने छ ।
- सुरक्षित खानेपानि प्रयोग ब्यक्तीगत सरसफाइ फोहोरमैला व्यवस्थापन र सुरक्षित शौचालय प्रयोगका लागी जनचेतना अभिबृद्धी गरिने छ ।
- मेहलमुडी-त्रिवेणी, मुम्रा-त्रिवणी पर्यटकिय सडक विस्तार योजनाका लागि आवश्यक बजेटको व्यवस्थापन सहित सो का लागि प्रदेश र संघमा पहलकदमी गरिनेछ ।

- सामुदायिक विद्यालय, वडाकार्यालय, गाउँपालिकाका भवन तथा अन्य सबै भवनहरु भुकम्पिय जोखिम रहित बनाउने कार्यको थालनी गरिनेछ ।
- आवश्यकतामा आधारित झोलुङ्गे पुल निर्माण कार्यका लागि विकास साझेदार निकायसंग समन्वय गरिनेछ।
- कृर्षि उत्पादकत्व बृद्धि गर्नका लागि सिचाई कुलो, सिचाई पोखरीको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।
- पालिका क्षेत्रभित्र बन्ने विभिन्न आबासिय संरचनाको व्यवस्थापन तथा बजारीकरणका लागि नीति तर्जुमा गरि कार्यान्वय गरिनेछ ।
- गाउँपालिकाको वडा नं. १ देखि ९ सम्मका बस्तिलाई जोडी आवत जावतलाई सहज बनाउन लुसा, रकु लुइयाँटा, मेहलमुडी लुईयाँटा र मेहलमुडी मुम्रा, तुसारखोला मूम्रा सडक निर्माण कार्यलाई निरन्तरता दिईनेछ ‼

अन्त्यमा, सान्नी त्रिवेणी गाउँपालिकालाई जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बीचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट सान्नी त्रिवेणीलाई समृद्ध, सुरक्षित र जीवन्त साँस्कृतिक गाउँ बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ। यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण गाउँवासीलाई



सान्नी त्रिवेणी गाउँपालिका गाउँपालीकाको कार्यालय मेहलमुडी, कालीकोट कर्णाली प्रदेश नेपाल

मोहन बहादुर के.सी. गा.पा. अध्यक्ष

स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ। साथै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, गाउँपालिकाका कर्मचारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु।

प्रस्ततुतकर्ता
मोहन बहादुर के.सी.
अध्यक्ष
सान्नी त्रिवेणी गाउँपालिका
मेहलमुडी कालीकोट
मितिः २०७९/०३/१० गते

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष